निर्णयहरू:-

१. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने विवरण अनुसार २०७७ साउनदेखि असोज महिनासम्म सम्पादित क्रियाकलापहरूको विवरण सबै कार्यालयहरूले सार्वजनिक गर्ने र सो को जानकारी जिल्ला प्रशासन कार्यालयलाई समेत गराउने ।

२. दशैं, तिहार तथा छठपर्व जस्ता पर्वमा हुने लामो विदाको अवधिभर सबै कार्यालयहरूले भरपर्दो पालो पहराको व्यवस्था मिलाउने र सो को जानकारी जिल्ला प्रशासन कार्यालयलाई समेत गराउने ।

३. चाडपर्वको समयमा आपूर्ति तथा आपत्कालीन सेवाको व्यवस्थापनका लागि एम्बुलेन्स, स्वास्थ्यकर्मी, स्काभेटर, सवारी साधन, क्रेन, चालक आदि आवश्यक पर्नसक्ने भएको हुँदा सम्बन्धित कार्यालय/निकायले कार्यालयमा रहेका स्रोत साधन र जनशक्ति तयारी अवस्थामा राख्ने ।

४. विभिन्न कार्यालय/निकायबाट सञ्चालनमा रहेका राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना लगायतका अन्य महत्वपूर्ण आयोजनाहरूमध्ये लामो समयदेखि अलपत्र परेका, रूग्ण अवस्थामा रहेका आयोजनाहरूको अद्यावधिक विवरण तयार गरी जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउने ।

गोविन्द रिजाल
प्रमुख जिल्ला अधिकारी